"दिगो विकास व्यवस्थित शहर: स्वच्छ समृद्ध सूर्यविनायक नगर"
"बालमैत्री व्यवहार, समृद्ध सूर्यविनायक आधार"

स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

**बालमैत्री स्थानीय शासन कार्यान्वयन, घोषणा तथा दिगोपनाका लागि सूर्यविनायक नगरपालिका तथा सरोकारवालाहरूको उपस्थितिमा २०८२/०७/२१ गते तयार गरी २०८२/०८/०४ मा नगर कार्यपालिकाद्वारा पास गरिएको**

# बालमैत्री आचारसंहिता-२०८२

## बालबालिकाले पालना गर्ने आचारसंहिता

- हामी बालबालिका सरसफाइमा ध्यान दिदै नियमित रुपमा विद्यालय पोषाकमा विद्यालय जानेछौं र अनुशासित भई विद्यालयको नियम पालना गर्ने ।
- आफुभन्दा ठूलालाई आदर गर्ने, सानालाई माया गर्ने, तथा सत्य बोल्ने बानी बसाल्ने ।
- समय तालिका बनाएर त्यसको पालना गर्ने, स्वच्छ खाना खाने र व्यायाम गर्ने, घरेलु बाल काममा सहयोग गर्ने,
- विद्यालय हाताभित्र मोवाइल फोन तथा कुनै किसिमका सौन्दर्य सामग्रीहरु (गाजल, टिका, ऐना, काईयो तथा क्रिमहरु) ल्याउन रोक लगाउने,
- बालबालिकाका आधारभूत आवश्यकताहरु पोषिलो खाना, आवास, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बालबालिकाका विषयहरुवारे जानकारी राख्दै अरुलाई पनि सिकाउने ।
- धूम्रपान, मधिरा वा लागुपदार्थबाट टाढा रहने,
- स्थानीय संस्कृति, भाषा र परम्पराको जगेर्नामा ध्यान दिदै सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने,
- बाल विवाह नगर्ने र बाल अधिकार हनन् भएको अवस्था देखेमा सम्वन्धित निकायमा खवर गर्ने,
- आफुले नवुझेको नजानेको कुरा शिक्षक तथा अभिभावकलाई सोध्ने, आफुसंग सम्वन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुने,
- बालश्रम हुन नदिने र भएमा सम्बन्धित निकायमा जानकारी दिने,
- बालअधिकार, शिक्षा, स्वास्थ्य र सहभागितामा समान अवसर खोज्ने र प्रयोग गर्ने,
- विद्यालय वा समूदायका बाल समूह र बालसभामा सक्रिय सहभागिता जनाउने,आफुभित्र रहेको प्रतिभा प्रस्फुटनमा सक्रिय सहभागी रहने,
- सामाजिक सञ्जालको सही सदुपयोग गर्ने,
- झगडा, बदमासी र दुर्व्यवहारबाट टाढा रहने,
- बाटोक्रस गर्दा होसियार हुने,अपरिचित व्यक्तिसँग सावधान हुने,
- राजनीतीक दलको सभा, जुलुसमा सहभागी नहुने,
- ब्यक्तिगत तथा वातावरणीय सरसफाईमा ध्यान दिने,
- बालयौन दुर्व्यवहार भएमा वा भएको जानकारी आएमा सम्बन्धित निकायमा उजुरी गर्ने,
- वृक्षरोपण गर्ने, फोहोर जथाभावी नफ्याक्ने, पानी, पैसा र विजुलीको बचत गर्ने,
- बालबालिकाका योजना कार्यान्वयन भए नभएको अनुगमन गर्दै बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा बाल समूहका सदस्यहरुको सक्रिय सहभागिता रहने,
- स्थानीय सरकारको बालमैत्री नीति नियम र कानूनको पालना गर्ने ।

| विजया लक्ष्मी सुवेदी | रविन्द्र सापकोटा | युवराज आचार्य | सरिता तिमसिना भट्टराई | बासुदेव थापा |
|---|---|---|---|---|
| समावेशी शाखा प्रमुख | संयोजक,सामाजिक विकास समिति | प्रमुख प्रशासकीय अधिकृत | उप प्रमुख | नगर प्रमुख |

**नोट:** बालमैत्री स्थानीय शासन, कार्यान्वयन निर्देशिका २०७८ र घोषणा कार्यविधि २०७९ बमोजिम मिति २०८२/०८/०४ गते यस सूर्यविनायक नगरपालिका तथा सरोकारवालाहरुको सहभागितामा बालमैत्री स्थानीय शासन कार्यान्वयन, निर्देशिका २०७८ ले निर्धारण गरेको न्यूनतम सूचक तथा चरणहरु प्राप्तीका लागि बालमैत्री आचारसंहिता तयार गरी कार्यपालिकाद्वारा पारित गरी कार्यान्वयनमा ल्याईएको छ ।

"दिगो विकास व्यवस्थित शहरः स्वच्छ समृद्ध सूर्यविनायक नगर"
"बालमैत्री व्यवहार, समृद्ध सूर्यविनायक आधार"

स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

**बालमैत्री स्थानीय शासन कार्यान्वयन, घोषणा तथा दिगोपनाका लागि सूर्यविनायक नगरपालिका तथा सरोकारवालाहरूको उपस्थितिमा २०८२/०७/२१ गते तयार गरी २०८२/०८/०४ मा नगर कार्यपालिकाद्वारा पास गरिएको**

# बालमैत्री आचारसंहिता-२०८२

## अभिभावकले पालना गर्ने

- आफ्ना छोराछोरीको जन्मदर्ता ३५ दिनभित्र गर्ने,
- स्वास्थ्य जीवनको लागि पूर्ण खोपको मात्रा पूरा गर्ने,
- छोराछोरीहरुको व्यक्तिगत सरसफाइमा ध्यान दिने,
- आफ्ना छोराछोरीलाई अनिवार्य विद्यालय पठाउने,
- छोराछोरीहरुको नियमित गृहकार्य र अतिरिक्त क्रियाकलापमा ध्यान दिने,
- भान्सामा पकाएका खानेकुराहरुमा प्राथमिकता दिदै पोषणयुक्त र सन्तुलित भोजनमा ध्यान दिने,
- आफूभन्दा ठूला व्यक्तिलाई सम्मान गर्ने र सानालाई माया गर्ने आचरण संस्कारको विकास गर्दै अभिभावकसंग निर्धक्कसंग आफ्ना कुरा राख्न सक्ने वातावरण निर्माण गर्ने,
- छोराछोरीको अगाडि धूम्रपान, मध्यपान लागुपदार्थ सेवन नगर्ने र खरिद बिक्रीमा सहभागी नगराउने,
- कुनैपनि बालबालिकलाई बालश्रम, बालविवाह, बालयौन दुर्व्यवहार, बालहिंसा जस्ता कुलतमा लागेको पाइएमा सम्बन्धित कार्यालयमा सूचना दिने, खवरदारी गर्ने,
- छोराछोरीको बालअधिकार सुनिश्चित गर्दै घर समाजमा बालमैत्री वातावरणको निर्माण गर्नुकासाथै गुनासो र समस्या सुनी समाधानको प्रयास गर्ने,
- आफ्ना नानीबाबुहरुलाई प्रजनन् स्वास्थ्य तथा किशोर अवस्थामा आउने परिवर्तन बारे जानकारी गराउने, व्यक्तिगत सरसफाइमा ध्यान दिन सिकाउने र नियमित स्वास्थ्य परीक्षण का साथै खोपहरु लगाउने व्यवस्था मिलाउने,
- बिद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्ने,
- समुदाय तथा विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रेरित गर्ने र अनुशासित र योग्य बालबालिका बनाउने,
- छोरा र छोरीमा विभेदपूर्ण व्यवहार नगर्ने,
- उमेर र क्षमताको आधारमा खानेपानी धारा शौचालय, पढ्ने स्थान तथा बालमैत्री वातावरणको व्यवस्था गर्ने,
- बालबालिकाहरुलाई घरमा पढ्न, लेख्न, खान, सुत्न, घरायसी सघाउ र सञ्चार सम्वन्धी आधुनिक प्रविधिको प्रयोग गर्न समय तालिका वनाई कार्यान्वयन गर्ने

| विजया लक्ष्मी सुवेदी | रविन्द्र सापकोटा | युवराज आचार्य | सरिता तिमसिना भट्टराई | बासुदेव थापा |
|---|---|---|---|---|
| समावेशी शाखा प्रमुख | संयोजक,सामाजिक विकास समिति | प्रमुख प्रशासकीय अधिकृत | उप प्रमुख | नगर प्रमुख |

**नोट**: बालमैत्री स्थानीय शासन, कार्यान्वयन निर्देशिका २०७८ र घोषणा कार्यविधि २०७९ बमोजिम मिति २०८२/०८/०४ गते यस सूर्यविनायक नगरपालिका तथा सरोकारवालाहरुको सहभागितामा बालमैत्री स्थानीय शासन कार्यान्वयन, निर्देशिका २०७८ ले निर्धारण गरेको न्यूनतम सूचक तथा चरणहरु प्राप्तीका लागि बालमैत्री आचारसंहिता तयार गरी कार्यपालिकाद्वारा पारित गरी कार्यान्वयनमा ल्याईएको छ ।

"दिगो विकास व्यवस्थित शहरः स्वच्छ समृद्ध सूर्यविनायक नगर"

"बालमैत्री व्यवहार, समृद्ध सूर्यविनायक आधार"

स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

**बालमैत्री स्थानीय शासन कार्यान्वयन, घोषणा तथा दिगोपनाका लागि सूर्यविनायक नगरपालिका तथा सरोकारवालाहरूको उपस्थितिमा २०८२/०७/२१ गते तयार गरी २०८२/०८/०४ मा नगर कार्यपालिकाद्वारा पास गरिएको**

# बालमैत्री आचारसंहिता-२०८२

## विद्यालयले पालना गर्ने आचारसंहिता

- सबै विद्यार्थी तथा शिक्षकहरु नियमित समयमै विद्यालय पोषाकमा उपस्थित हुने,
- बालमैत्री वातावरण, समयको पूर्ण पालना गरी शिक्षण सिकाई संचालन गर्ने,
- विद्यालयमा पालना गर्नुपर्ने २६ बुँदे क्रियाकलाप कार्यान्वयन गर्ने,
- बालमैत्री बगैचा, खेल मैदानको व्यवस्था गर्ने,
- स्वच्छ, सफा खानेपानी तथा बालमैत्री धाराको व्यवस्था गर्ने,
- शारीरिक तथा मानसिक यातना नदिने,
- विद्यार्थी अभिभावक, शिक्षक बीच अन्तरक्रिया कार्यक्रम संचालन गर्ने,
- विद्यार्थी अभिभावक, शिक्षक आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने,
- अतिरिक्त क्रियाकलाप नियमित संचालन गरी अभिलेख राख्ने,
- बालबालिकाको स्वास्थ्य परीक्षण गरी अभिलेख राख्ने,
- बालविबाह, बालश्रम, कूलत आदिको बारेमा प्रत्येक महिना १ घण्टा अभिमुखिकरण गर्ने,
- बालबचाउ, बालसंरक्षण, बालसहभागिता र बाल विकास सम्बन्धी क्रियाकलाप संचालन गर्ने,
- बालबालिकाको सर्वोत्तम हितमा काम गर्ने,
- बिद्यालयमा विपद् पूर्व सचेतना सत्र संचालन गर्ने,
- अभिभावक भेला आयोजना गरि अभिभावक शिक्षा दिने,
- बालसमूहहरुको नियमित वैठक गराउने,
- बिद्यालय भर्ना अभियान, सरसफाई सप्ताह लगायतका राष्ट्रिय अभियान र दिवसहरु संचालन गर्ने,
- विद्यालयमा बालबालिकाले सजिलै भेट्ने ठाउँमा गुनासो पेटिका राख्ने,
- विभिन्न सरोकारवाला समितिहरु विद्यालय व्यवस्थापन समिति, विपद् व्यवस्थापन समिति लगायत बालबालिकासंग प्रत्यक्ष सरोकार राख्ने समिति र संस्थाहरुमा अर्थपूर्ण बाल सहभागिता गराउने,

| | | | | |
|---|---|---|---|---|
| विजया लक्ष्मी सुवेदी | रविन्द्र सापकोटा | युवराज आचार्य | सरिता तिमिल्सिना भट्टराई | बासुदेव थापा |
| समावेशी शाखा प्रमुख | संयोजक,सामाजिक विकास समिति | प्रमुख प्रशासकीय अधिकृत | उप प्रमुख | नगर प्रमुख |

**नोट**: बालमैत्री स्थानीय शासन, कार्यान्वयन निर्देशिका २०७८ र घोषणा कार्यविधि २०७९ बमोजिम मिति २०८२/०८/०४ गते यस सूर्यविनायक नगरपालिका तथा सरोकारवालाहरुको सहभागितामा बालमैत्री स्थानीय शासन कार्यान्वयन, निर्देशिका २०७८ ले निर्धारण गरेको न्यूनतम सूचक तथा चरणहरु प्राप्तीका लागि बालमैत्री आचारसंहिता तयार गरी कार्यपालिकाद्वारा पारित गरी कार्यान्वयनमा ल्याईएको छ ।

"दिगो विकास व्यवस्थित शहरः स्वच्छ समृद्ध सूर्यविनायक नगर"
"बालमैत्री व्यवहार, समृद्ध सूर्यविनायक आधार"

स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

**बालमैत्री स्थानीय शासन कार्यान्वयन, घोषणा तथा दिगोपनाका लागि सूर्यविनायक नगरपालिका तथा सरोकारवालाहरूको उपस्थितिमा २०८२/०७/२१ गते तयार गरी २०८२/०८/०४ मा नगर कार्यपालिकाद्वारा पास गरिएको**

# बालमैत्री आचारसंहिता-२०८२

## वडा/नगरपालिकाले पालना गर्ने आचारसंहिता

- बालमैत्री कार्यक्रमका लागि स्रोत सूनिश्चितता गर्ने,
- बालमैत्री कार्यक्रमको योजना तर्जुमा गरी सार्वजनिक गर्ने,
- बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणाको लागि सबै सरोकारवालालाई परिचालन गर्ने,
- सबै बालबालिकालाई भेदभाव रहित पहुँचको सूनिश्चितता गर्ने,
- सबै बालबालिकाको संरक्षणको व्यवस्था मिलाउने,
- स्थानीय तहको निर्णय प्रकृयामा बालसहभागिताको सुनिश्चितता गर्ने,
- बालबालिकाबाट आउने सुझाव, प्रतिक्रिया, गुनासो सम्बोधन गर्ने व्यवस्था गर्ने,
- कमजोर विपन्न, अशक्त बालबालिकाको पहुँचको सुनिश्चितता गर्ने,
- बालमैत्री नीति, नियम, निर्देशिका, कार्यविधि तर्जुमा गरी जारी गर्ने,
- बालविवाह, बालश्रम, बालहिंसा, बालदुर्व्यवहारलाई कानूनी दायरामा ल्याई हिंसालाई निरुत्साहित गर्ने,
- बालअधिकारको हनन् का घटनाहरु अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्ने,
- विभिन्न तहगत अनुगमन, मूल्याङ्कन, प्रतिवेदनको व्यवस्था गर्ने,
- विभिन्न विषयगत, शाखागत सूचकप्रति थप जिम्मेवारी बोध गराउने,
- बालबालिकाहरुलाई कुनैपनि प्रकारको हिंसात्मक गतिविधिमा प्रयोग गर्न नदिने,
- विभिन्न संघ संस्था सरोकारवालासँग समन्वय गरी बालमैत्री अभियानलाई सार्थकता दिने,
- नगरपालिकास्तरिय सिकाई स्रोत केन्द्रको व्यवस्थित स्थापना गर्ने,
- असल अभ्यास सिकाईका लागि अध्ययन अवलोकन र अनुसन्धान गर्ने ।

| विजया लक्ष्मी सुवेदी | रविन्द्र सापकोटा | युवराज आचार्य | सरिता तिमसिना भट्टराई | बासुदेव थापा |
|---|---|---|---|---|
| समावेशी शाखा प्रमुख | संयोजक,सामाजिक विकास समिति | प्रमुख प्रशासकीय अधिकृत | उप प्रमुख | नगर प्रमुख |

**नोट:** बालमैत्री स्थानीय शासन, कार्यान्वयन निर्देशिका २०७८ र घोषणा कार्यविधि २०७९ बमोजिम मिति २०८२/०८/०४ गते यस सूर्यविनायक नगरपालिका तथा सरोकारवालाहरुको सहभागितामा बालमैत्री स्थानीय शासन कार्यान्वयन, निर्देशिका २०७८ ले निर्धारण गरेको न्यूनतम सूचक तथा चरणहरु प्राप्तीका लागि बालमैत्री आचारसंहिता तयार गरी कार्यपालिकाद्वारा पारित गरी कार्यान्वयनमा ल्याईएको छ ।

"दिगो विकास व्यवस्थित शहर: स्वच्छ समृद्ध सूर्यविनायक नगर"
"बालमैत्री व्यवहार, समृद्ध सूर्यविनायक आधार"

स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

**बालमैत्री स्थानीय शासन कार्यान्वयन, घोषणा तथा दिगोपनाका लागि सूर्यविनायक नगरपालिका तथा सरोकारवालाहरूको उपस्थितिमा २०८२/०७/२१ गते तयार गरी २०८२/०८/०४ मा नगर कार्यपालिकाद्वारा पास गरिएको**

# बालमैत्री आचारसंहिता-२०८२

## व्यापारीले पालना गर्ने आचारसंहिता

- आफ्नो व्यापार व्यवसाय, उद्योगधन्दामा १४ बर्ष मुनिका बालबालिकालाई काममा नलगाउने,
- बाल स्वास्थ्यमा असर पर्ने खालका कुनैपनि बस्तु तथा सेवा उत्पादन तथा बेचविखन गर्न नपाउने,
- १४ देखि १८ बर्षसम्मका बालबालिकालाई जोखिमपूर्ण वा हानिकारक काममा नलगाउने,
- प्रचारप्रसार वा व्यापारिक प्रयोजनका लागि बालबालिकाको फोटो, भिडियो वा नाम अनुमति विना प्रयोग नगर्ने,
- बालअधिकार संरक्षण सम्बन्धी सरकारी नीति, कानून र कार्यक्रमहरुलाई सहयोग, समर्थन र कार्यान्वयन गर्ने,
- बालमैत्री गतिविधिहरु जस्तै शिक्षा, खेलकुद, स्वास्थ्य आदिमा समय भएसम्मको योगदान दिने,
- ग्राहक वा सेवाग्राहीको रुपमा आउने बालबालिकाहरुलाई सम्मानपूर्वक व्यवहार गर्ने,
- बालबालिकालाई विद्यालय जान प्रोत्साहन गर्ने वातावरण बनाउन सहयोग गर्ने,
- विज्ञापन सामग्रीको निर्माण गर्दा बाल मनोविज्ञानमा असर पर्ने खालका कुनैपनि यौनिक, हिंसात्मक, अश्लिल खालका सामग्री राख्न र प्रशारण गर्न नपाइने,
- धेरै जना श्रमिक भएका उद्योगधन्दामा काम गर्ने मजदुरका बालबालिकाहरुलाई पढाउने प्रारम्भिक विद्यालयको व्यवस्था गर्ने,
- बालमैत्री स्थानीय शासन अभियानमा पूर्णरुपमा समर्पित हुने ।

## संघसंस्थाले पालना गर्ने आचारसंहिता

- बालबालिकाहरुलाई अनुचित कार्यमा नलगाउने, लाग्न नदिने,
- बालश्रम निषेध गर्ने, बालबालिकाहरुलाई अमर्यादित कार्य गर्न गराउन बन्द गर्ने,
- बालअधिकारलाई सहयोग पुग्ने कार्यक्रम गर्ने,
- मनोरञ्जनका लागि बाल उद्यानको व्यवस्था गर्ने,
- बालसुरक्षाको लागि अभिभावकहरुमा चेतना फैलाउने काम गर्ने,
- खेलकुद प्रतियोगिता संचालन गर्ने,
- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न सहजिकरण गर्ने,
- बालबालिकालाई भयरहित वातावरणमा सिक्ने सिकाउने वातावरण तयार गर्ने,
- बालबालिकाहरुको सर्वाङ्गिण विकासको लागि सहभागी गराउने ।

| | | | | |
|---|---|---|---|---|
| विजया लक्ष्मी सुवेदी | रविन्द्र सापकोटा | युवराज आचार्य | सरिता तिमसिना भट्टराई | बासुदेव थापा |
| समावेशी शाखा प्रमुख | संयोजक,सामाजिक विकास समिति | प्रमुख प्रशासकीय अधिकृत | उप प्रमुख | नगर प्रमुख |

**नोट**: बालमैत्री स्थानीय शासन, कार्यान्वयन निर्देशिका २०७८ र घोषणा कार्यविधि २०७९ बमोजिम मिति २०८२/०८/०४ गते यस सूर्यविनायक नगरपालिका तथा सरोकारवालाहरुको सहभागितामा बालमैत्री स्थानीय शासन कार्यान्वयन, निर्देशिका २०७८ ले निर्धारण गरेको न्यूनतम सूचक तथा चरणहरु प्राप्तीका लागि बालमैत्री आचारसंहिता तयार गरी कार्यपालिकाद्वारा पारित गरी कार्यान्वयनमा ल्याईएको छ ।

"दिगो विकास व्यवस्थित शहर: स्वच्छ समृद्ध सूर्यविनायक नगर"
"बालमैत्री व्यवहार, समृद्ध सूर्यविनायक आधार"

स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

बालमैत्री स्थानीय शासन कार्यान्वयन, घोषणा तथा दिगोपनाका लागि सूर्यविनायक नगरपालिका तथा सरोकारवालाहरूको उपस्थितिमा २०८२/०७/२१ गते तयार गरी २०८२/०८/०४ मा नगर कार्यपालिकाद्वारा पास गरिएको

## बालमैत्री आचारसंहिता-२०८२

# संघसंस्थाले पालना गर्ने आचारसंहिता

- बालबालिकाहरुलाई अनुचित कार्यमा नलगाउने, लाग्न नदिने,
- बालश्रम निषेध गर्ने, बालबालिकाहरुलाई अमर्यादित कार्य गर्न गराउन बन्द गर्ने,
- बालअधिकारलाई सहयोग पुग्ने कार्यक्रम गर्ने,
- मनोरञ्जनका लागि बाल उद्यानको व्यवस्था गर्ने,
- बालसुरक्षाको लागि अभिभावकहरुमा चेतना फैलाउने काम गर्ने,
- खेलकूद प्रतियोगिता संचालन गर्ने,
- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न सहजिकरण गर्ने,
- बालबालिकालाई भयरहित वातावरणमा सिक्ने सिकाउने वातावरण तयार गर्ने,
- बालबालिकाहरुको सर्वाङ्गिण विकासको लागि सहभागी गराउने ।

| विजया लक्ष्मी सुवेदी | रविन्द्र सापकोटा | युवराज आचार्य | सरिता तिमसिना भट्टराई | बासुदेव थापा |
|---|---|---|---|---|
| समावेशी शाखा प्रमुख | संयोजक,सामाजिक विकास समिति | प्रमुख प्रशासकीय अधिकृत | उप प्रमुख | नगर प्रमुख |

**नोट**: बालमैत्री स्थानीय शासन, कार्यान्वयन निर्देशिका २०७८ र घोषणा कार्यविधि २०७९ बमोजिम मिति २०८२/०८/०४ गते यस सूर्यविनायक नगरपालिका तथा सरोकारवालाहरुको सहभागितामा बालमैत्री स्थानीय शासन कार्यान्वयन, निर्देशिका २०७८ ले निर्धारण गरेको न्यूनतम सूचक तथा चरणहरु प्राप्तीका लागि बालमैत्री आचारसंहिता तयार गरी कार्यपालिकाद्वारा पारित गरी कार्यान्वयनमा ल्याईएको छ ।